## भाग १

## सूचनाहरूको स्पष्टीकरण

२००८ साल श्रावण २२ गते प्रकाशित भएको गजेटमा छापिएको सूचनाले सुरक्षा ऐनको दफादफाबाट पाएको अख्तियार सबै बडाहाकिमले पनि प्रयोग-गर्न पाउने लेखिएको २००८ साल भाद्र ११ गते प्रकाशित भएको गजेटमा छा-पिएको सूचनाले त्यस्तै अधिकार कोतवालीका मुख्य हाकिमले प्रयोग गर्न पाइनेछ. भन्ने लेखिएकोले सो अधिकार बारेमा भ्रम हुन जाला भन्ने हेतुले यो सूचना जारी भएको छ.

जिल्ला जिल्लाको हकमा अघि भएका सूचनाबमोजिम जिल्ला जिल्लाका बडा-हाकिमले नै प्रयोग गर्न पाउने र ४ भन्ज्याङभित्रको हकलाई कोतवालीका मुख्य हाकिमले प्रयोग गर्नेछ.

आज्ञाले
अच्युतराज.

## गृहविभागबाट प्रकाश भएको सूचना

श्रीमाननीय गृहमन्त्री विश्वेश्वरप्रसाद कोइरालाजी ४–६–८ मा पूर्वतर्फको जिल्लाको निरीक्षण गर्न जानुभएदेखि वहाँको काम श्रीमाननीय उद्योग तथा वाणि-ज्यमन्त्री गणेशमानजी र श्रीमाननीय खाद्य तथा कृषिमन्त्री सूर्यप्रसादजीले समाल्नु-भएको छ.

ज्यूडिसियल
सेक्रेटरी
गृहविभाग



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।